# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ६ मरिण, असोज १६ गते, २०८० साल संख्या १०

## भाग २

## मरिण गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ. (६) प. (७) तथा दफा ६२क. (१) तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९) को दफा २० ले गरेको व्यवस्थालाई कार्यान्वयन गर्दै मरिण गाउँपालिका क्षेत्र भित्र रहेका नदी, खोला, सार्वजनिक तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, माटोको उत्खनन, संकलन तथा बिक्री वितरणलाई व्यवस्थित गरी विकास निर्माणको लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिई सहज रूपमा आपूर्ती गराई नदीजन्य पदार्थको अनियन्त्रित दोहनलाई निरूत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न व्यवहारिक प्रकृया निर्धारण गर्न बाञ्छनीय भएकोले मरिण गाउँपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ५७ (२) बमोजिम मरिण गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **मरिण गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,** २०८० रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठन हुने समितिलाई सम्झनु पर्छ । सो शब्दले जिल्ला अनुगमन समिति र वडा स्तरीय अनुगमन समिति समेतलाई जनाउनेछ ।

(ख) **"अमानत"** भन्नाले गाउँपालिका आफैले सिधै गर्ने काम वा आय सङ्कलन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले मरिण गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) **"कार्यविधि"** भन्नाले मरिण गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ङ) **"घाटगद्दी"** भन्नाले नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर संकलन वा उत्खनन् भएको स्थानलाई सम्झनु पर्छ ।

(च) **"गाउँपालिका"** भन्नाले मरिण गाउँपालिका सम्झनु पर्छ ।

(छ) **"गाउँसभा"** भन्नाले मरिण गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

(ज) **"नदीजन्य पदार्थ"** भन्नाले नदी वा नदी किनारामा उपलब्ध भएको ढुङ्गा, गिट्टी, वालुवा, रोडा, गेग्रान, माटो जस्ता पदार्थ सम्झनु पर्छ ।

(झ) **"नदी किनारा"** भन्नाले नदी बहाव क्षेत्रबाट दायाँ र बाँया एक किलो मिटर सम्मको क्षेत्र सम्झनु पर्छ ।

मरिण गाउँपालिका

(ञ) **"अध्यक्ष"** भन्नाले मरिण गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) **"वातावरणीय अध्ययन प्रतिवेदन"** भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्यः**

(१) नदीजन्य पदार्थको उत्खनन् लाई व्यवस्थित बनाउने ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट भए गरेका निर्णय कार्यान्वयन गर्ने र गराउने ।

(३) विकास निर्माणको लागि एवं स्थानीय उपभोक्तालाई नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर) सुलभ र दीगो रुपमा उपलब्ध गराउने ।

(४) विकास र पर्यावरण बीच सन्तुलित सम्बन्ध कायम राख्ने ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर बिक्री वितरण गरी दीगो आन्तरिक स्रोतको व्यवस्थापन गर्ने ।

(६) नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थ हटाई विपदलाई न्यूनीकरण गर्ने ।

(७) सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

**४. नदीजन्य पदार्थको उत्खनन र संकलन सम्बन्धी क्षेत्र निर्धारणः**

(१) गाउँपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछः-

(क) वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित क्षेत्रबाट मात्र ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन् तथा सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ तर हालको नदीको बहाव तथा जोखिमको आधारमा गाउँपालिका स्तरीय अनुगमन समितिले यस्तो क्षेत्रलाई थपघट गर्न सक्नेछ ।

(ख) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ग) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनि विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरू,

(घ) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न कानून बमोजिम अनुमति प्रदान गरिएको क्षेत्रहरु,

(ङ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्रहरु,

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन् र सङ्कलनको व्यवस्था गाउँपालिकाले मिलाउन सक्नेछ ।

## परिच्छेद २

## नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

**५. नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्रीः**

(१) मरिण गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा दहत्तर बहत्तर जस्ता वस्तुको उत्खनन् सङ्कलन तथा विक्रीको ठेक्का बन्दोबस्त गर्दा देहाय बमोजिम उत्खनन्, संकलन तथा विक्रीको संयुक्त ठेक्का बन्दोबस्त,

(क) उत्खनन्, संकलन तथा विक्रीको संयुक्त ठेक्का बन्दोबस्त,

(ख) उत्खनन् संकलनको मात्र ठेक्का बन्दोबस्त,

(ग) बिक्रीको मात्र ठेक्का बन्दोबस्त,

(घ) अमानत लगायत अन्य वैकल्पिक व्यवस्था ।

(२) यस दफाको उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोबस्त गर्दा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७(पहिलो संशोधन, २०७९) बमोजिम गर्नु पर्नेछ ।

(३) यस दफाको उपदफा (१) को खण्ड (क) बमोजिम ठेक्का बन्दोबस्त हुन नसकेमा वा कार्यपालिकाले उत्खनन्, संकलन र बिक्रीको लागि छुट्टा-छुट्टै ठेक्का बन्दोबस्त गर्न चाहेमा यसै कार्यविधि बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम बोलपत्र आह्वान गर्दा प्रथम पटकको सूचना प्रकाशन गर्दा कम्तीमा ३० दिनको म्याद राखी राष्ट्रिय स्वरको पत्रिका मार्फत सूचना प्रकाशन गर्नु पर्नेछ । तर प्रथम पटकको सूचना प्रकाशन गर्दा निर्धारित समयावधिमा कुनैपनि बोलपत्र प्रस्ताव प्राप्त हुन नआएमा वा प्राप्त प्रस्ताव सारभूत रुपमा प्रभावग्राही नभएमा दोश्रो पटकको हकमा कम्तीमा १५ दिनको म्याद राखी राष्ट्रिय स्तरको पत्रिका मार्फत् सूचना प्रकाशन गर्नु पर्नेछ ।

**६. नदीजन्य पदार्थको उत्खनन् र संकलन सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले नदीजन्य पदार्थको संकलन र उत्खनन् गर्नुपूर्व देहाय बमोजिम गर्नु पर्नेछः

(क) उत्खनन्, संकलन तथा विक्री वितरण गर्दा कार्यपालिकाबाट स्वीकृत कार्ययोजना या कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने गराउने,

(ग) प्रत्येक वर्ष ठेक्का बन्दोबस्त गर्नु पूर्व वा गाउँपालिका स्वयंले उत्खनन् तथा सङ्कलन गर्नु पूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अद्यावधिक गरी पुनः यकिन गर्ने,

(घ) उत्खनन् हुने परिमाण यकिन गर्दा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम अनुगमन समिति, गाउँपालिकाको जनप्रतिनिधि, प्राविधिक कर्मचारी तथा स्थानीय बासिन्दाको रोहवरमा चौकिल्ला

निर्धारण गरी निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सीमाङ्कन गर्नु पर्दछ।

(ङ) बागमती प्रदेश सरकारको प्रचलित कानून बमोजिमको दरमा उत्खनन्, सङ्कलनको अनुमति र बिक्रीको लागि व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्नु पूर्व अनुसूची- १ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई उत्खनन्, सङ्कलन तथा बिक्री कार्य गर्नु पर्नेछ।

(३) नदीजन्य पदार्थको उत्खनन् र सङ्कलनको लागि गाउँपालिकाको कार्यालयले घटाघटको ठेक्का आह्वान गर्न सक्नेछ ।

(४) उपदफा ३ बमोजिम ठेक्का बन्दोवस्त सम्बन्धी सूचना अनुसूची- २ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ । ठेक्का सम्झौता गरी त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-३ बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची -४ बमोजिमको ढाँचामा उत्खनन् तथा सङ्कलन पट्टा फाराम दिनु पर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ । तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रहेर गर्नु पर्नेछ । साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ ।

(६) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(७) उत्खनन् र सङ्कलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त तथा जिल्ला/गाउँपालिका अनुगमन समितिले दिएका निर्देशनहरू समेतको पालना गर्नु पर्नेछ ।

(८) उत्खनन् गर्दा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रवाट मात्र उत्खनन् गर्नु पर्नेछ ।

(९) उत्खनन् गर्दा तोकिएको गहिराई भन्दा बढी खाडल नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

(१०) उत्खनन् गर्दा पानीको सतहभन्दा १५ सेन्टिमिटर माथि छाड्नु पर्नेछ ।

(११) वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा सङ्कलन गर्दा बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि र सम्बन्धित निकायको सहमति तथा स्वीकृत मापदण्ड र गाउँपालिकाको प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(१२) यस दफा बमोजिम उत्खनन् तथा सङ्कलन कार्य गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ ।

(१३) नदीजन्य पदार्थको उत्खनन् कार्य सूर्यास्त देखि सूर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

(१४) ढुङ्गा, गिट्टी, वालुवा, माटो चट्टान, दहत्तर बहत्तर उत्खनन् तथा सङ्कलन कार्य असार १ गते देखि भाद्र मसान्तसम्म गर्न पाईने छैन ।

(१५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बाढी, पहिरो, डुबानले राजमार्ग, खेतवारी, गाउँ बस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, वालुवा, माटो, चट्टान, दहत्तर बहत्तर हटाउनु पर्ने भएमा गाउँपालिकाले वा गाउँपालिकाको सहमति लिई मार्का पर्ने जोसुकैले हटाउन सक्नेछ ।

**७. नदीजन्य पदार्थको ओसारपसारको विधिः**

नदीजन्य पदार्थ ओसारपसार गर्ने ढुवानी कर्ताले देहाय बमोजिम गर्नु पर्नेछः

(१) नदीजन्य पदार्थ ओसारपसार गर्ने मार्ग दफा १० अनुसार गठित अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

(२) उत्खनन् स्थलबाट नदीजन्य पदार्थको ओसारपसार गर्दा अनुसूची-५ बमोजिमको नदी प्रवेश आदेश र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र गर्नु पर्नेछ ।

(३) नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले अनुसूची- ६ बमोजिमको पटके नदी प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्नेछ ।

(४) नदीजन्य पदार्थको ओसार पसार गर्ने समय वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) ढुवानी गर्ने साधनले उत्खनन् वा सङ्कलन स्थल देखि अन्तिम गन्तव्य सम्म ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा सवारी साधन गुडाउन र प्रेसर हर्न प्रयोग गर्न पाइने छैन ।

(६) ढुवानी गर्दा ढुवानी गर्ने साधनले धुलो नउड्ने गरी उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ। पिच सडकमा पानी चुहिने तथा सामग्री पोखिने गरी ढुवानी गर्न पाईने छैन ।

(७) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने व्यवस्था उत्खनन् कर्ताले गर्नु पर्नेछ ।

(८) ढुवानीको साधनको बहन गर्न पाउने तौल क्षमता भित्र रहेर र सामग्रीको तौल वा आयतन बराबर पूरा बील काटी नदीजन्य पदार्थ ढुवानी गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम ढुवानी भए नभएको सम्बन्धमा अनुगमन स्थानीय प्रहरी, दफा १० बमोजिम गठन भएको अनुगमन समिति तथा गाउँ कार्यपालिको कार्यालयले गर्न सक्नेछ ।

**८. उत्खनन् वा संकलनको परिमाण नियन्त्रणः**

(१) गाउँपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखांकनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिई देहाय अनुसार गर्नु पर्नेछ ।

(क) उपदफा (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको गाउँपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(ख) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिमाण र क्षेत्रको उत्खनन् भैसकेको पाइएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ ।

(ग) नदी किनारा, वन क्षेत्र, सार्वजनिक स्थान वा निजी जग्गा लगायत कुनै पनि ठाउँमा भण्डारण गरी राखिएको अवैध नदीजन्य पदार्थ गाउँपालिकाले जफत गरी लिलाम बिक्रीको व्यवस्था गर्न सक्नेछ । साथै गाउँपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ ठेक्का सम्झौताको शर्तको अधीनमा रही जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनेछ ।

(घ) उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची -७ बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-८ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(ङ) दैनिक उत्खनन् तथा सङ्कलन तेरिज तयार गरी गाउँपालिकामा पठाउने र गाउँ कार्यपालिकाको कार्यालयले त्यसको अभिलेख राख्ने व्यवस्था मिलाउनेछ ।

(च) घाटगद्दी स्थल तथा ढुवानी हुने विन्दुलाई प्रविधिमैत्री (सि. सि. टि.भि., कम्प्युटर अभिलेख) बनाउँदै सेक्युरिटी जनशक्तिको समेत व्यवस्था गर्नु पर्नेछ ।

(छ) भण्डारण र घाटगद्दी स्थल सम्बन्धी व्यवस्था गाउँ स्तरीय अनुगमन समितिको सिफारिसमा कार्यपालिकाको बैठकले निर्धारण गर्नेछ ।

(ज) पटके आदेशमा उल्लेख भएको परिमाण र घाटगद्दीमा आईपुगेको परिमाणको नापजाँच गरी खटिएका कर्मचारीले दैनिक घाटगद्दी भएको परिमाणको अभिलेख राख्नु पर्नेछ ।

**९. नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

(१) नदीजन्य पदार्थको बिक्री वितरणको लागि गाउँपालिकाले बढाबढको ठेक्का आह्वान गर्न सक्नेछ।

(२) नदीजन्य पदार्थको विक्रीको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना अनुसूची-९ बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ । ठेक्का सम्झौता गरी त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-१० बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-११ बमोजिमको ढाँचामा बिक्री पट्टा फाराम दिनु पर्नेछ ।

(३) नदीजन्य पदार्थको न्यूनतम बिक्री मूल्य कायम गर्दा बागमती प्रदेश सरकारको प्रचलित ऐनमा तोकिएको दररेटमा/गाउँपालिकाको आर्थिक ऐन तोकिएको दररेटमा मूल्य अभिबृद्धि कर, उत्खनन् खर्च, ढुवानी भाडा र सेवा शुल्क समेत समावेश गरी गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नदीजन्य पदार्थको बिक्री वितरण सम्बन्धी अन्य शर्तहरू गाउँपालिका र ठेकेदार बीच अनुसूची-१० तथा सम्झौताका बखत उल्लेख भए बमोजिम हुनेछ ।

(५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै राष्ट्रिय वा प्रादेशिक आयोजनाको सम्बन्धमा सो आयोजनासँग सम्बन्धित कार्यालयबाट माग वा सिफारिस भई आएमा वा कुनै व्यक्ति, फर्म, उद्योग वा कम्पनीले आवश्यकता जनाई माग गरेमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको राजस्व लिई आई. ई. ई. भएको क्षेत्रबाट नदीजन्य पदार्थ उपलब्ध गराउन सक्नेछ। यसरी नदीजन्य पदार्थ उपलब्ध गराउँदा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ ।

(६) उत्खनन्, सङ्कलन तथा बिक्रीको परिमाणको अभिलेख राख्न गाउँ कार्यपालिकाले उत्खनन् स्थलमा आवश्यकता अनुसार कर्मचारी खटाउन सक्नेछ ।

(७) स्थानीय आवश्यकता पूर्तिको लागि नदीजन्य पदार्थको आपूर्ति गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

## परिच्छेद ३

## अनुगमन सम्बन्धी व्यवस्था

**१०. अनुगमन समितिः** (१) वातावरणीय अध्ययन प्रतिवेदनको पालना, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरूको अनुगमन गर्न देहाय बमोजिमको गाउँपालिका एवं वडा स्तरीय अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी -सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक -सदस्य

(ङ) कार्यपालिकाले तोकेको १ जना कार्यपालिका सदस्य -सदस्य

(च) नेपाल प्रहरीको स्थानीय प्रमुख वा प्रतिनिधि १ जना -सदस्य

(छ) स्थानीय ट्राफिक कार्यालयको प्रमुख वा प्रतिनिधि १ जना -सदस्य

(ज) स्टोर शाखा प्रमुख -सदस्य

(झ) योजना शाखा प्रमुख -सदस्य

(ञ) राजस्व शाखा प्रमुख -सदस्य

(ट) प्राविधिक शाखा प्रमुख -सदस्य-सचिव

(२) अनुगमन समितिले जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(३) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरूमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खनन् कर्ता वा सङ्कलनकर्ताले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

(४) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानी कर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ।

(५) उपदफा (४) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानी कर्तालाई समितिको निर्देशन बमोजिमको शर्त पूरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(६) अनुगमनका क्रममा ठेक्काको शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसारपसार गरेको पाईएमा त्यस्तो सङ्कलन कर्ता, उत्खनन् कर्ता र ढुवानी कर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन सचेत गराउन वा अवैध मालवस्तु जफत गरी जरिवाना समेत तोक्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम जफत गरिएको मालवस्तु गाउँपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी गाउँपालिकाको सञ्चित कोषमा आम्दानी जनाउनेछ ।

(८) अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन उप-समिति वा निरीक्षण समिति गठन गर्न सक्नेछ ।

(९) पटके नदी प्रवेश आदेश, उत्खनन् कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख, नदीजन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरिजको ढाँचा अनुगमन समितिले निर्धारण गर्नेछ।

(१०) यस कार्यविधिमा अन्यत्र उल्लेख गरिएको कार्यहरू देखि बाहेक अनुगमन समितिले उत्खनन् स्थल निर्धारण, क्षेत्रफल तथा गहिराइको अनुगमन र खन्न सक्ने अधिकतम गहिराइको निर्धारण जस्ता विषयहरूको निक्यौल गर्नेछ ।

(११) अनुगमनको सन्दर्भमा तोकिएको मापदण्ड बिपरित कार्य भएको पाईएमा वा नदी प्रवेश आदेश नलिई नदी प्रवेश गरेको भेटिएमा वा राजस्व नबुझाई नदीजन्य पदार्थ ओसारपसार गरेको पाईएमा अनुगमन समितिले तत्कालै नदीजन्य पदार्थ बोकेको सवारी साधन पक्री नदीजन्य पदार्थ जफत गरी जरीवाना समेत तोक्न सक्नेछ ।

**१२. वडा स्तरीय अनुगमन समितिः-** नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्ने प्रयोजनार्थ IEE प्रतिवेदनमा उल्लिखित विन्दुहरुको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न गाउँ कार्यपालिकाले देहाय वमोजिमको वडा स्तरीय समिति गठन गर्न सकिनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) वडा अध्यक्षले तोकेको एक जना महिला सहित दुई जना वडा सदस्य -सदस्य

(ग) वडामा कार्यरत प्राविधिक कर्मचारी -सदस्य

(घ) वडा सचिव -सदस्य सचिव

**१३. कार्यदलः** गाउँपालिकाको कार्यालयले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा ढुवानी सम्बन्धी कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न प्राविधिक कर्मचारीको संयोजकत्वमा कार्यदल गठन गर्नेछ । सो कार्यदलले नियमित रूपमा घाटगद्दीको अनुगमन गरी दफा ८ को (१-ज) बमोजिमको अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-४

## दण्ड जरिवाना

**१४. जरिवानाः**

(१) कसैले पनि गाउँपालिकाको अनुमति बीना गाउँपालिकाको क्षेत्र भित्र पर्ने नदी, खोला लगायत अन्य ठाउँवाट नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा ओसार पसार गर्नु गराउनु हुँदैन ।

(२) नदीजन्य पदार्थको अवैध रूपमा उत्खनन्, सङ्कलन तथा ओसारपसार गरेको फेला परेमा सो सवारी साधनलाई नियन्त्रणमा लिई संलग्न व्यक्तिलाई पक्राउ गरिनेछ ।

(३) राजस्व छली गरी अवैध रूपमा नदीजन्य पदार्थको ओसार पसार गरेको पाईएमा देहाय बमोजिमको जरिवाना गरी मालवस्तु जफत गरिनेछ ।

| क्र.सं. | कसुरको किसिम | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | नदीको बहाव वा पानी बगेको क्षेत्रमा प्रवेश वा उत्खनन् वा सङ्कलन गरेमा (प्रति मेशिन | |

| | | |
|---|---|---|
| | वा साधनको) | |
| | क. मेशिन, स्काभेटर तथा व्याक हो लोडर | २५ हजार |
| | ख. ट्रिपर वा ट्रक | १५ हजार |
| | ग. मिनी ट्रक | १० हजार |
| | घ. ट्याक्टर | ५ हजार |
| २ | बिना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन् तथा सङ्कलन गरेको पाईएमा | २५ हजार |
| ३ | तोकिएको भन्दा बढी गहिराईमा उत्खनन् गरेमा | ३० हजार |
| ४ | तोकिएको भन्दा बढी सङ्ख्यामा मेशिन प्रयोग गरेमा (प्रति मेशिन) | २० हजार |
| ५ | विहान ७ बजे अघि र बेलुकी ५ बजे पश्चात उत्खनन् वा सङ्कलन कार्य गरेमा | क्र.सं. १ अनुसारकै दण्ड जरिवाना |
| ६ | नदीको बहाव परिवर्तन गरी उत्खनन् गरेमा (प्रति मेशिन वा साधन) | २० हजार |
| ७ | निषेधित क्षेत्रमा उत्खनन् वा सङ्कलन गरेमा | ३० हजार |
| ८ | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा सङ्कलन वा सञ्चय गरेमा | ३० हजार जरिवाना गरी प्रति घ.मी. २१ रुपैयाँ ६६ पैसा थप दण्ड |
| ९ | क्र.सं. १ देखि ८ सम्मको कसुर पुनः दोहोर्यामा | तोकिएको रकममा २५ प्रतिशत थप दण्ड |
| १० | पानी, हिलो, धुलो वा गिट्टी चुहाउँदै, उडाउँदै वा झार्दै नदीजन्य स्रोतको ढुवानी गरेमा | ३ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| ११ | प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) | ३ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| १२ | प्रशोधित ढुङ्गा, गिट्टी, बालुवा धुलोका हकमा प्रत्येक पटकको ढुवानी कार्यमा प्रशोधन उद्योगवाट जारी भएको छुट्टै भ्याट बील तथा चलान पुर्जा साथमा रहेको नभेटिएमा | ३ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| १३ | निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीको हकमा गाउँपालिकाले जारी गरेको उत्खनन् | ५ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |

| | | |
|---|---|---|
| | अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभेटिएमा | |
| १४ | प्रचलित कानूनले अनुमति दिएको वा क्षमता भन्दा बढी दुवानी गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| १५ | रुट तोकिएको भए तोकिदिएको बाहेकको रुट समय गति वा सङ्ख्यामा दुवानी गरेमा | ५ हजार प्रतिपटक,पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| १६ | अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद तथा बिक्री परिमाणमा हिसाब मिलान नभएर कैफियत देखिएमा सो बराबरको परिमाणमा जरिवाना | २१ रुपैयाँ ६६ पैसा प्रति घनफिट |
| १७ | खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको दुवानीमा खानी संचालक वा खानीजन्य उद्योगको चलान पुर्जा बिना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यबाट उत्खनन् गरिएको पदार्थ दुवानी गरेमा | ५ हजार प्रतिपटक, पटकेमा दोव्बर, तेव्वर हुँदै जाने |
| १८ | नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित क्रसिङ, वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग सञ्चालन गरेमा (वार्षिक दण्ड जरिवाना) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |
| १९ | कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (शुरु मिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |
| २० | कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेतापनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक स्रोत प्रशोधन उद्योग सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (शुरु मिति देखि गणना हुने गरी हालसम्म) | ठूला उद्योग ३० हजार<br>मझौला उद्योग २० हजार<br>साना उद्योग १० हजार |
| २१ | कम्पनी दर्ता गरी इजाजत लिइ उद्योग सञ्चालन | ठूला उद्योग ३० हजार |

| | | |
|---|---|---|
| | गरेतापनि सम्बन्धित निकायबाट इजाजत नवीकरण नगरी उद्योग व्यवसाय सञ्चालन गरेमा वार्षिक दण्ड जरिवाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुने गरी) | मझौला उद्योग २० हजार |
| | | साना उद्योग १० हजार |

(४) उपदफा (२) बमोजिम अवैध रुपमा नदीजन्य पदार्थ ओसारपसार गर्नेलाई पक्राउ गरी पेश गर्ने सुरक्षा कर्मीलाई जरिवाना रकमको २० प्रतिशत रकम पुरस्कार स्वरूप दिईनेछ ।

## परिच्छेद ५

## विविधः

**१५. बाधा अड्काउः** यस कार्यविधि कार्यान्वयनको चरणमा द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. विशेष व्यवस्थाः** (१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्रीको लागि पटक-पटक सूचना आह्वान गर्दा समेत ठेक्का नलागेमा वा ठेक्का लाग्ने सम्भावना न्यून देखिएमा, नरहेमा वा नभएमा गाउँपालिकाको सार्वजनिक एवं निजी निर्माण कार्यलाई सरलीकृत तथा सहजीकरण गर्न र गाउँपालिकाको आन्तरिक आयलाई अभिवृद्धि गर्न गाउँ कार्यपालिकाको निर्णयानुसार गाउँपालिका आफैले आफ्ना मातहतका कार्यालय तथा संयन्त्रहरु परिचालन गरी अमानतमा नदीजन्य पदार्थको कर, शुल्क तथा दस्तुर उठाउन सक्नेछ ।

(२) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएता पनि गाउँपालिकाबाट संचालित आयोजनाबाट प्राप्त नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा दहत्तर बहत्तर) तथा कुनै बहुमूल्य पत्थर, धातु, काठ, दाउराको प्राविधिक प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाले उचित व्यवस्थापन गर्न सक्नेछ ।

**१७. बचाउः** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै कार्यविधि अनुसार र यसमा नभएका व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**१८. कार्यविधि संसोधन, मापदण्ड र कार्ययोजना बनाउन सक्ने** : (१) गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ साथै यस कार्यविधिको कार्यान्वयनको लागि आवश्यक मापदण्ड र कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

मरिण गाउँपालिका

## अनुसूची-१

### (दफा ६ को उपदफा (२) सँग सम्बन्धित) नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरू अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरू परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा, गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधानको आवश्यकता | | |
| ५ | नदीले बहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन औंल्याएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन गरिने परिमाण, चौकिल्ला रेखांकन सहितको नाप, नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोटः वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्ने ।

## अनुसूची- २

## (दफा ६ को उपदफा (४) सँग सम्बन्धित सूचना) नदीजन्य पदार्थको उत्खनन् र संकलन तथा ढुवानी सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति...............

स्थानीय सरकार ऐन, २०७४ को दफा ६२.क र यस मरिण गाउँपालिकाको आर्थिक ऐन,........को.........दफाको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत वातवरणीय अध्ययन प्रतिवेदन तथा निर्धारित मापदण्ड अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपालिकाले तोकेको सङ्कलन केन्द्रमा तोकिएको बाटोबाट संकलन गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व........को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| ठेक्का नं. | नदी/खोलाको नाम | अधिकतम परिणाम (घनफिट) | औसत दूरी कि.मि. (नदीवाट संकलन केन्द्र सम्मको) | अधिकतम उत्खनन् तथा संकलन दर प्रति घन फिट | अधिकतम लागत अनुमान रु. (सेवा शुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

द्रष्टव्यः वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम चेन एक्साभेटर तथा ट्रिपर प्रयोग गर्न सकिने छ।

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व...... को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा............ बैंक शाखा कार्यालय.........मा रहेको यस कार्यालयको खाता नं ............मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ आफूले कबोल गरेको अंकको ..... प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको.....मा रहेको धरौटी खाता नं .... जम्मा गरी सोको सक्कल बैंक भौचर वा ......बैंकबाट इजाजत प्राप्त ..... बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी .......... दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खामका साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुको उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना कामको विवरण बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकाशित भएको मितिले.......... औं दिनको...........बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको........बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि बिड बैठक यो सूचना प्रकाशित मितिले..........औं दिनको......बजे....... गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

